# हंसपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

## बघचौड़ा, धनुषा,मधेश प्रदेश,नेपाल

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८३/०८४

**मिति २०८३।०३।१० हंसपुर नगरपालिकाको १६औं नगर सभाको अधिवेशनमा हंसपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री दुर्गी देवी मण्डलज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम**

# हंसपुर नगरपालिकाको १६औं नगर सभा अधिवेशन,

**मिति २०८३ आषाढ १० गते**

# आर्थिक वर्ष : २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

**उपस्थित सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु,**

**विशेष स्मरण तथा श्रद्धाञ्जली**

यस गरिमामय नगर सभाको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामी अत्यन्तै भावविह्वल र स्तब्ध छौं। हाम्रो हंशपुर नगरपालिकाका आदरणीय नगर प्रमुख श्री प्रदीप कुमार यादव ज्यूको मिति २०८२ माघ २६ गतेका दिन भएको असामयिक र दुःखद निधनले यस नगरपालिका र समग्र नगरबासीलाई अपूरणीय क्षति पुगेको छ। समृद्ध हंशपुर निर्माणका लागि उहाँले देखाउनुभएको मार्गनिर्देशन, प्रतिबद्धता र अठोटलाई हामी सधैँ स्मरण गरिरहनेछौं।

उहाँको दूरदर्शी सोच र अधुरा सपनाहरूलाई साकार पार्नु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुने प्रण गर्दै यस नीति तथा कार्यक्रमको प्रारम्भमा स्वर्गीय नगर प्रमुख श्री प्रदीप कुमार यादव ज्यू प्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दछौं। साथै, शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् हंसपुर नगरपालिकाको दोस्रो जन निर्वाचित सरकारको गरिमामय नगर सभाको १६औं नगर अधिवेशनमा उपस्थित हंसपुर नगरपालिकाका नगर सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, उपस्थित राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरु, यस हंसपुर नगरसभाको १६औं अधिवेशनको बैठकमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।

हंसपुर नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको अधिवेशनमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

सर्वप्रथम, नेपाली जनतालाई राजनीतिक स्वतन्त्रता र अधिकार दिलाउदै मुलुकलाई आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा ल्याइ पुऱ्याउने क्रममा विभिन्न कालखण्डका जनआन्दोलनमा आफ्नो जीवनको आहुति दिनु हुने, हाम्रो धनुषा जिल्लाका अमर शहीद लगायत सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । संघर्षको दौरानमा घाइते, अपांग र बेपत्ता पारिएका वीर योद्धा तथा पीडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । साथै नेपाली समाजलाई अग्रगामी परिवर्तनको मार्गमा ल्याउन विविध क्षेत्रबाट योगदान पुऱ्याउन हुने आदरणीय अग्रज नेतृत्वहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

आर्थिक समृद्धि सुशासन र विकासको मार्गमा हंसपुर नगरपालिका निरन्तर अघि बढिरहेको छ। सम्मानित १६औं नगरसभाबाट यस नगरपालिकाको भावी दिनहरुको विकासको मार्गचित्र कोर्नका निमित्त हामीलाई प्राप्त भएको सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी सबै क्षेत्र र वर्गको विकासका अधिकतम आवश्यकता पुरा गर्ने लक्ष्य राखुपर्ने जिम्मेवारी हामी सबैको रहन्छ। यसका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाको आन्तरिक श्रोत लगायत अन्य विकास साझेदारहरुबाट प्राप्त हुन सक्ने सहयोग समेतलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरी समृद्ध नगर निर्माण गर्न हामी सबै दृढ संकल्पित छौ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने नीतिगत व्यवस्था र यस नीति तथा कार्यक्रम तय गर्दा अपनाइएका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**नीतिगत व्यवस्थाहरुः**

१. नेपालको संविधानको अनुसुची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहका एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका नीति तथा निर्देशक सिद्धान्तहरु ।
२. सङ्घीय सरकारले अङ्गीकार गरेको सोह्रौं आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु ।
३. सङ्डीय सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।
४. मधेश प्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।
५. स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित) ।
६. सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट र सो बजेटको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
७. राजनीतिक दलहरुबाट प्राप्त सुझावहरु ।
८. सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु ।
९. राजस्व परामर्श समितिको सिफारिस ।
१०. स्रोत अनुमान तथा बजेटसीमा निर्धारण समितिको स्रोत तथा बजेट अनुमानहरु र सो समितिले दिएका सुझाव र सिफारिसहरु ।
११. नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु ।
१२. नगर कार्यपालिकाले निर्णय गरी तोकेका आधारहरु ।
१३. विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु र आँम नागरीकका सुझावहरु ।
१४. नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु ।
१५. नगरपालिकाबाट विगतमा स्वीकृत भएका ऐन र नियमावली, नीति, कार्यविधिहरु ।
१६. विकास साझेदार संघसंस्थाका राय, सल्लाह र सुझावहरु ।

**नीति तथा कार्यक्रमका प्रथमिकताका क्षेत्रहरुः**

१. सामाजिक विकास तथा गरिबी निवारण
२. कृषि उद्योग तथा सहकारी क्षेत्रको विकास
३. पूर्वाधार निर्माण तथा दिगो विकास
४. सूचना प्रविधी तथा सञ्चार क्षेत्रको विकास
५. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
६. पर्यटन विकास, रोजगारी सृजना तथा मानव पुँजी निर्माण

**नगर सभाका सदस्य ज्यूहरु,**

अब, म यस गरिमामय सभामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १. आर्थिक विकास क्षेत्र तर्फः

१. तरकारी खेतीको क्षेत्र विस्तार का लागि कृषकहरुलाई अनुदानमा तरकारीको बीउ तथा तालिमको व्यवस्थापन गरिने छ ।
२. विभिन्न वालीहरुमा कृषक पाठशाला सञ्चालन गरी कृषकहरुलाई दक्ष बनाईनेछ ।
३. अनुदानमा धान, गहुँ, तोरी, आलु र मकै को उन्नत तथा मुल बिउ वितरण गरी खाद्यान्नमा यस नगरपालिकालाई आत्म निर्भर बनाईनेछ ।
४. पुष्प नर्सरी स्थापना तथा पुष्प खेती विस्तारमा जोड दिईनेछ ।
५. १००० दिने आमाहरुलाई तरकारीको विउ वितरण गरी आमा तथा शिशुको पोषण अवस्थामा सुधार ल्याईनेछ ।
६. विभिन्न बालीहरुमा पकेट विकास कार्यक्रम सञ्चालन गरी कृषक तथा कृषक समुहहरुलाई आत्मनिर्भर बनाईनेछ ।
७. ५०% अनुदानमा कृषिऔजार वितरण गरी कृषि उत्पादन लागत कम गरी उत्पादन र उत्पादकत्व बढाउनमा सहयोग गरिनेछ ।
८. किसानहरुलाई सिंचाई सुविधा पुर्याउनका साना सिंचाई कार्यक्रम सञ्चालन गरिने छ ।
९. बेरोजगार युवायुवतिहरुलाई रोजगारी सृजना गर्ने उदेश्यले युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने छ ।
१०. राष्ट्रिय धान दिवस कार्यक्रमलाई निरन्तरता दिनुका साथै उत्कृष्ट कृषकलाई सम्मान तथा प्रोत्साहन दिईने छ ।
११. नगरपालिका तथा अन्य निकायबाट कृषकहरुले प्राप्त गरेको सम्पूर्ण अनुदान तथा कार्यक्रमको अनुगमन गरिने छ ।
१२. कृषि क्षेत्रमा हुनसने सम्भावित विपद्लाई न्यूनीकरण गर्नका लागि कृषकहरुलाई कृषि बिमामा आवद्ध गरिने छ ।
१३. कृषि उत्पादनमा जोड दिई कृषिलाई आधुनिकिकरण, व्यवसायिकरण, विविधिकरण र बजारीकरण गर्दै एक वडा एक उत्पादन कार्यक्रम लागु गरिने छ ।
१४. किसानहरुलाई नश्ल सुधार तथा नश्च बिकास सम्बन्धी ज्ञान र सिपको अभिवृद्धि गरिनेछ ।
१५. पशुजन्य उत्पादनमा लागत न्यूनिकरणको लागी घाँसमा आधारित पशुपालन गर्न ऊन्नत जातको घाँस खेतीको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
१६. किसानहरुलाई आहारा व्यवस्थापनमा ज्ञान, सिप र क्षमता बिकास गराउन आवश्यकता अनुसार तालिम सञ्चालन गरिनेछ ।
१७. कृषकहरुलाई गाईभैसी, बाखा, बंगुर, कुखुरा तथा माछा पालन सम्बन्धी आवश्यक तालिम सञ्चालन गरिनेछ ।
१८. पशुपन्छी तथा माछा पालनलाई आधुनिकिकरण र ब्याबसायीकरण गरी माछा, मासु, दुध र अण्डा उत्पादनमा आत्मानिर्भर बनाईनेछ साथै अण्डा तथा दुग्धजन्य पदार्थ सेवनमा वृद्धि गरी मानव पोषणमा सुधार गर्ने नीति अपनाईनेछ ।
१९. पशुपन्छी तथा माछा पालन व्यवसायमा युवा पुस्तालाई आकर्षित गराउँदै पशुपन्छी पालन व्यवसायिकरणलाई प्रोत्साहित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२०. यस नगरपालिकाको प्रमुख समस्याको रुपमा रहेको रेविज रोग नियन्त्रण गर्न तथा विश्व पशु स्वास्थ्य संगठनको "जिरो डेथ वाई २०३०" नीति अनुसार सन २०३० सम्ममा रेबिज संक्रमित कुकुरको टोकाईबाट मानव मृत्यु शुन्य गराउने नेपालको लक्ष्य पुरा गर्न रेबिज रोग बिरुद्ध नगर क्षेत्रको सम्पूर्ण कुकुरहरुलाई खोप लगाउने कार्यक्रम सञ्चालन गरिनेछ
२१. नगरक्षेत्रमा रहेका सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।
२२. रेबिज रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. माछा तथा मासु पसलहरुको तथ्यांक संकलन गरी पशु सेवा शाखामा दर्ता सुचिकरण गर्ने र नियमित अनुगमन गरी स्वस्थ्य मासु विक्रि बितरण गराईनेछ र मासु पसल सुधारको लागि आवश्यक सहयोगको ब्यवस्था गरिनेछ।

२४. माछा पालन व्यावसायलाई प्रोत्साहित गरी सो सम्बन्धी सेवा तथा सहयोग उपलब्ध गराईनेछ। पुराना पोखरीहरुलाई मर्मत तथा संम्भार गरी आधुनिक तथा व्यवसायिक माछापालनलाई जोड दिइनेछ।

२५. स्थानीय माछा ह्याचरीहरुलाई प्रवर्द्धन गरिनेछ।

२६. कृषक, समूह तथा फार्महरुलाई पशुपन्छी बिमा तथा कृषि ऋण कार्यक्रमको बारेमा अभिमूखिकरण तथा बिमा कम्पनि र बैंकसँग अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ।

२७. समाजमा पछि परेका वर्ग महिला, जनजाति, एकल महिला, भुमीहीन, सुकुम्वासी, द्वन्द पीडित आदिका लागि आयमुलुक कार्यक्रम सञ्चालन गरिनेछ।

२८. श्रमको सम्मान, राष्ट्रको अभियानमा श्रमिकको पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनमा आवश्यक नीति अवलम्बन गरी मर्यादित श्रम अभ्यास असल श्रम सम्बन्ध र उत्पादकत्व अभिवृद्धि गर्दै श्रमिकको हकहितको सुरक्षा गरिनेछ।

२९. अदक्ष तथा सक्षम जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचीकृत बेरोजगार व्यक्तिहरुलाई आवश्यक सीपमूलक, उद्यमशीलता विकास तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ

३०. संघ, प्रदेश तथा स्थानीय तहका रोजगारमूलक कार्यहरुमा अपनत्व कायम गर्दै रोजगारीका थप क्षेत्रहरुको पहिचान तथा विस्तारसंगै बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीका प्रत्याभूति गर्नका लागि आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न रोजगार सम्वाद मञ्च सम्बन्धी सरकारी, निजी, गैरसरकारी तथा अन्य सरोकारवाला संघ संस्थाहरुसँग समन्वय, सहकार्य, सहजिकरण छलफल तथा गोष्ठी गरिनेछ।

३१. वैदेशिक रोजगारीमा जाने श्रमिकको नयाँ श्रम स्वीकृत तथा पुनः श्रम स्वीकृतिका लागि सहजिकरण गरिनुका साथै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका, अलपत्र परेका व्यक्तिहरुलाई राहत उद्धारमा सुरक्षित आप्रवासन कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि रोजगार सेवा केन्द्र मार्फत सहजिकरण गरिनेछ।

३२. श्रम सम्बन्धलाई प्राथमिकतामा राख्दै सार्वजनिक पूर्वाधार विकास निर्माण, कृषि तथा सहकारी, व्यापार व्यवसाय, लघु उद्यम, पर्यटन तथा वित्तीय क्षेत्रबाट थप रोजगारी सिर्जना गर्न रोजगार नक्साँकन, रोजगार रणनीति, बेरोजगार तथ्यांक संकलन, रोजगार परामर्श, विनिमय सेवा, रेफरल सेवा, वित्तीय साक्षरता प्रदान गर्न रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाइनेछ।

३३. वैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न आवश्यक सीप, क्षमता विकाससंगै कृषि पशुपालनमा युवा स्वरोजगारी तथा बिउँ पूँजी उपलब्ध गराउन कृषि शाखा, पशुसेवा शाखा, विभिन्न गैर सरकारी तथा वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ। वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान सीप र अनुभवलाई स्थानीयतहमा उद्यमशील र स्वरोजगार बन्न आकर्षित गरिनेछ। नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गरी युवा लक्षित रोजगारी सिर्जना गर्न उच्च प्राथमिकता दिइने छ।

३४. स्थानीय तहमा रहेका रोजगार व्यक्तिहरुको मागमा आधारित रोजगार सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई श्रम बैंकको रुपमा थप प्रभावकारी बनाउन आवश्यक पहलका साथै रोजगार रणनीतिलाई कार्यान्वयन गर्न विभिन्न सरोकावाला र रोजगारदाता संग रोजगारी अभिवृद्धि सम्बन्धी धारणा संकलन, अन्तरक्रिया, गोष्ठि गरिनेछ।

३५. अन्तरराष्ट्रिय श्रमिक दिवस पारेर पालिकाका उत्कृष्ट श्रमिकलाई सम्मान गरिनेछ।

३६. प्रत्येक सहकारीको लेखा प्रणालीमा एकरुपता ल्याउन प्रविधिमैत्री लेखा प्रणाली र COPOMIS सम्बन्धी तालिमको व्यवस्था गरिनेछ। नगरपालिका मातहतमा रहेका सहकारी संस्थाहरुको अवस्था हेरी एकीकरण र खारेजीको अवलम्बन गरिनेछ।

३७. कृषि सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र प्रवर्द्धनका लागि अनुगमन, नियमन र नियन्त्रण गरिनेछ।

३८. लघु उद्यम विकास कार्यक्रमलाई निरन्तता दिईनेछ।

३९. सीपयुक्त जनशक्तिलाई पालिकास्तर भित्रै उपयोगमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ।

४०. सीपयुक्त जनशक्तिलाई बजारको माग र आपूर्तिसँग जोडेर बेरोजगारी समस्या न्यूनीकरण गरिनेछ।

४१. उद्योग तथा व्यवसायमा महिलाको सहभागिता बढाउनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४२. नगरपालिकामा रहेका युवा जनशक्ति तथा विशेष सीपको चाहना भएका व्यक्तिहरुलाई उद्यमशीलतामा प्रोत्साहन गरिनेछ।

४३. रोजगारीका क्षेत्रमा युवा जनशक्तिलाई आकर्षण गर्न सीप विकास सम्बन्धी कार्यक्रमहरु प्रभावकारीताका साथ सञ्चालन गरी सीपयुक्त जनशक्तिको पालिका भित्रै उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

४४. लघु घरेलु तथा साना उद्योग व्यवसायहरुको तथ्याङ्क संकलनबाट आवश्यकता र समस्याहरुको पहिचान गरी भावी रणनीति तय गरिनछ।

४५. स्तरोन्नति तर्फका लघु उद्यमीहरुलाई पुनः निरन्तरता दिईनेछ।

४६. साना उद्योगी व्यवसायीहरुलाई सीप सिकाई उद्यमशील बनाईनेछ।

४७. स्थानीय तहमा उत्पादित कृषि उपजहरु, पशुपालन, हस्तकला, घरेलु तथा साना उद्योगका उत्पादनहरुलाई प्रोत्साहित गरी कृषकहरुको पहुँचमा सुनिश्चितता गरिनेछ।

## २. सामाजिक विकास तर्फः

### क) शिक्षा, युवा तथा खेलकुदः

१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षण तथा सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा लगिनेछ।

२. हरित विद्यालयको अवधारणा अन्तर्गत विरुवा रोपण र विद्यालय सौन्दर्यकरणको माध्यमबाट विद्यालयको भौतिक वातावरणलाई आकर्षक बनाइनेछ।

३. विद्यार्थीहरुको तथा युवाहरुको नेतृत्व क्षमता विकास गर्ने खाले युवामैत्री कार्यक्रम सञ्चालन गरिनेछ

४. सामुदायिक विद्यालयका अभिभावक उत्प्रेरणा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अभिभावकहरुलाई विद्यालय तथा विद्यार्थीप्रति थप जिम्मेवार बनाइनेछ।

५. प्रत्येक सामुदायिक विद्यालयमा ई-हाजिरीको प्रबन्ध गरी शिक्षकलाई पठनपाठन प्रति थप जिम्मेवार बनाईनेछ।

६. नगरपालिका अन्तर्गत रहेका सबै सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गरिनुका साथै तहगत प्रधानाध्यापकको व्यवस्था गरिनेछ।

७. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षक तथा कर्मचारीको पेशागत दक्षता अभिवृद्धि कार्यक्रम गरिनेछ।

८. विद्यार्थीको कक्षागत र विषयगत नतिजा सुधारका लागि विद्यालयको संस्थागत क्षमता विकास गरिनेछ आवश्यकता र औचित्यका आधारमा विद्यालयहरुको समायोजन, डाउनसाईजिङको कार्य अगाडी बढाइनेछ।

९. उत्कृष्ट पठनपाठनका लागि भौतिक पूर्वाधार र शैक्षणिक सामाग्री समेत पर्याप्त र समयानुकुल व्यवस्था हुनु पर्छ भन्ने विषयलाई हृदयंगम गर्दै सो को व्यवस्थापनको कार्य अगाडी बढाइनेछ ।

१०. प्राविधिक तथा व्यवसायिक शिक्षाबाट विद्यार्थीलाई आत्मनिर्भर बनाउनका लागि हाल सञ्चालित प्राविधिक विद्यालयको स्तरोन्नति गरिनेछ ।

११. विद्यालय अनुगमन, नियमन तथा पेशागत सहयोगको पाटोलाई सशक्त बनाइ दण्ड र पुरस्कार प्रणाली अबलम्बन गरिनेछ ।

१२. विद्यालयसँग सरोकार राख्ने वि.व्य.स, र पि.टि.ए लगायतको क्षमता विकास गरी विद्यालय व्यवस्थापनको पक्षलाई थप सशक्त बनाइनेछ ।

१३. स्वास्थ्यका लागि खेलकुद व्यक्तित्त्व निर्माणका लागि खेलकुद भन्ने नारालाई आत्मसात् गर्दै विद्यालय तह देखि नै विद्यार्थीहरुलाई खेलकुदका क्रियाकलाप संलग्न गराइनेछ ।

१४. नगरस्तरिय मेयर कप प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

१५. हंसपुर नगरपालिकाका वडाहरुमा वडा अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

१६. युवा तथा विद्यार्थीहरुमा लागुपदार्थ विरुद्ध सचेतना, आचार शिक्षा, साहित्य, कला, संस्कृति संरक्षण सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. अनौपचारिक तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षाका कार्यक्रमलाई महत्वका साथ अगाडी बढाइनेछ र सोका लागि सामुदायिक सिकाइ केन्द्रलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१८. विद्यार्थी तथा सरोकारवालालाई पढाइप्रति आकर्षित गर्न पढाइ (पुस्तक) मेला कार्यक्रमको आयोजना गरिनेछ ।

१९. विद्यालयहरुका असल अभ्यास, अनुभव (ज्ञान) आदान प्रदानका लागि आवश्यक अन्तरक्रियात्मक कार्यक्रम अगाडी बढाइनेछ ।

२०. दिवा खाजा विद्यालयमा बनाई वितरण गर्ने कार्यलाई प्रत्साहन गरिनेछ ।

२१. पालिका अन्तर्गतका युवा जनशक्तिलाई प्रतिस्पर्धात्मक परीक्षामा अब्बल बनाउन लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

२२. नगरपालिकाका कर्मचारी, शिक्षकहरुलाई कम्प्युटर शिक्षा तालिम प्रदान गरिनेछ ।

२३. युवाहरुलाई विभिन्न सिप सिकाई उद्यमशिल बनाइनेछ ।

२४. दलित समुदायका विद्यार्थीहरुको शिक्षमा पहुँच भन्ने मुल नाराका साथ बर्षेनी शिक्षा क्षेत्रमा गरिदै आएका रचनात्मक कार्यहरुलाई निरन्तरता दिइनेछ ।

**ख) स्वास्थ्यः**

१. एकिकृत जनस्वास्थ्य अभियान सञ्चालन गरिनेछ । जसमा पूर्ण संस्थागत सुत्केरी घोषणा अभियानलाइ निरन्तरता, बालबिवाह मुक्त नगर घोषणा अभियान सुरु, कुपोषण न्यूनीकरण, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना, पूर्ण सरसफाई, आत्महत्या न्यूनीकरण, एक दम्पति एक परिवार नियोजन साधन प्रयोग, धुम्रपान र मध्यपान सार्बजनिक स्थलमा सेवन पुर्ण निशेष, लागुऔषधी प्रयोग न्यूनीकरण, सर्ने तथा नसर्ने रोग न्यूनीकरण, स्वास्थताका लागी योगाध्यान आदि।

२. नगरबासीलाई बिरामी हुदा वा दुर्घटना हुँदा ईमरजेन्सी अवस्थामा स्वास्थ्य संस्थाहरुमा पुर्याउन बढिमा पनि १५ मिनेट भित्र एम्बुलेन्सको सुबिधा उपलब्ध गराउने ब्यवस्था गरिनेछ ।

३. नगरभित्रका निजीस्तरमा सञ्चालित स्वास्थ्य सेवा प्रदायक संस्थाहरुलाई गुणस्तरिय सेवा प्रवाह गर्न व्यवस्थित र नियमन गरिनेछ ।

४. आयातित तथा स्थानीय उत्पादित बिभिन्न खाद्यपदार्थहरुमा मानव स्वास्थ्यका दृष्टिले हानिकारक किटनाशक औषधी, रसायन प्रयोग भए नभएको जाँच गर्ने संयन्त्रको गठन गरी नियमित जाँच प्रणालीको बिकास गरिनेछ।

५. पशु सेवा माछा, मासु पसलहरु व्यवस्थित रुपले सञ्चालन गराउनका लागि सुबिधायुक्त बधशाला निर्माण गरिनेछ।

६. सरुवा तथा महामारीजन्य रोगहरुको नियन्त्रण र रोकथामका लागि हामी स्वस्थ, हाम्रो पालिका स्वस्थ भन्ने अभियान सञ्चालन गरिनेछ।

७. किशोर किशोरीको स्वास्थ्य सबल बनाउन प्रत्येक स्कुलमा स्कुल हेल्थ क्लब गठन गर्ने, जसमा पोषण, मुख स्वास्थ्य, यौन तथा प्रजनन् स्वास्थ्य एवं मानसिक स्वास्थ्य, बालविवाह, लागू औषध दुर्व्यवसन विरुद्ध जस्ता पक्षलाई सम्बोधन गर्न स्वास्थ्य जनशक्ति मार्फत अभिमुखिकरण गरिनेछ।

८. पालिका क्षेत्र भित्र सिकलसेल एनिमिया, वर्थडिफेक्ट जस्ता स्वास्थ्य समस्या समाधानका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी ढंगले लागू गरी पालिकाले सबै नागरिकको स्वास्थ्य बिमा अनिवार्य गर्नुपर्ने नीति अबलम्वन गरिनेछ।

१०. पालिका अन्तर्गतका सरकारी कार्यक्रमहरुमा पोषण विज्ञहरुबाट तयार गरिएको स्वास्थ्य तथा सन्तुलित खानाको मेनु तयार गरी सोही अनुसारको खाना खाजा वितरण गर्न अनिवार्य गर्नुका साथै स्कुल, कलेजमा जंक फुड रहित खाजाको मापदण्ड बनाई कडाई गरिनेछ।

११. आमा तथा बच्चाको स्वास्थ्य सुधारका लागी प्रजनन् स्वास्थ्य सेवालाई व्यवस्थित गर्न वडा स्तरमा बर्थिङ सेन्टर बिस्तार गरिनेछ।

१२. क्षयरोग मुक्त पालिका घोषणा अभियान सञ्चालन गरिनेछ।

१३. खाद्य तथा पोषण अवस्था सुधारको लागि बहुक्षेत्रिय पोषण योजना कार्यान्वियनमा ल्याइनेछ।

१४. स्वास्थ्य स्वयं सेविका तथा सुत्केरी आमाहरुलाई दिईदै आएको सेवा सुविधालाई निरन्तरता दिईनेछ।

१५. उपभोक्ताको छनौट एवं गुणस्तरिय खाद्यअधिकारको लागि बजार अनुगमनको व्यवस्था मिलाईनेछ।

१६. बहुक्षेत्रीय पोषण योजना तेश्रो (SNP–III) लाई प्रभावकारी कार्यान्वय गरिने छ र स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीमा संस्थागत गरिनेछ।

१७. पालिका तथा वडा स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरू तथा समन्वय सहजीकरण समितिलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१८. पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन तथा घोषणाका लागि आवश्यक स्रोत र बजेट सुनिश्चित गरिनेछ।

१९. पोषणसम्बन्धी तथ्यांक व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरिनेछ।

२०. २०८८ सम्म पोषणमैत्री नगरपालिका घोषणा गर्ने निती लिएको छ।

२१. गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा २ वर्षमुनिका बालबालिकाको पोषण सुधारलाई प्राथमिकता दिइने छ।

२२. सुनौलो १००० दिन लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२३. पोषणमैत्री स्वास्थ्य संस्था (WASH) को स्थापना तथा विस्तार गरिनेछ।

२४. बाल वृद्धि अनुगमन, स्तनपान प्रवद्र्धन तथा पूरक आहार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२५. स्थानीय पोषणयुक्त खाद्य उत्पादन, प्रशोधन र उपभोगलाई प्रोत्साहन गरिनेछ।

२६. साना किसान, महिला तथा विपन्न परिवारलाई पोषण संवेदनशील कृषि कार्यक्रमसँग जोडिनेछ।

२७. खाद्य तथा पोषण सुरक्षाका लागि कृषि विविधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२८. विद्यालयमा पोषण शिक्षा तथा स्वास्थ्य प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२९. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय तथा पोषणयुक्त खाद्य पदार्थको प्रयोगलाई प्राथमिकता दिइनेछ।

३०. किशोरीहरूको पोषण तथा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

३१. सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमलाई पोषणसँग एकीकृत गरी सञ्चालन गरिनेछ।

३२. सोनिगामा आयुर्वेद औषधालयलाई अझ ब्यवस्थित गरीदै आगामी बर्षमा पंचकर्म भवनको निर्माण कार्य सम्पन्न गरी बिशिस्ट सेवाहरु प्रवाह गरिने छ। साथै नागरिक आरोग्य सेवा केन्द्र् रामनगरालाई ब्यवस्थित गरी थप सेवाहरु प्रवाह गरिनेछ।

३३. मेरो स्वास्थ्य मेरो जिम्मेवारीलाई पूरा गर्न पतंजलि योगपीठ नेपाल लगायतका योगसंग संबन्धित संस्थाहरुको समनव्य,सहकार्य गरी नगरपालिका स्तरीय बृहत योग शिविर आयोजना गरी नागरिक आरोग्य कार्यक्रम मार्फत दैनिक योगाभ्यास संचालन गर्न सबै टोल ,वडामा नागरिक आरोग्य समूह गठन गरिनेछ।

३४. स्थानीय जड़ीबूटी संरक्षण गर्नका लागि जड़ीबूटी सम्बन्धी बिशेष कार्यक्रम संचालन गरिनेछ।

३५. स्वस्थ नागरिक ,समृद्ध हंसपुर नगरपालिका नारालाई सार्थक पार्न संचालित योग समूहलाई ब्यवस्थित गरी मासिक स्वास्थ्य सेवा प्रवाह गरीदै लगीनेछ।

३६. आधारभूत स्वास्थ्य सेवामा सबै वड़ा बासिन्दालाई सेवा पहुचका लागि संचालित नागरिक आरोग्य क्लीनिक बघचौड़ा,हंसपुर बेलही लाई ब्यवस्थित गरी मधूकरीमा संचालन गर्ने नागरिक आरोग्य क्लीनिकलाई समेत ब्यवस्थित गरी अन्य वड़ा समेत संचालन गरीदै लगीनेछ।

३७. संघीय राष्ट्रिय आरोग्य पर्यटन रणनीति अनुसार आरोग्य पर्यटन बर्ष 2026 मनाउने कार्यक्रम संचालन गर्नुको साथै हंसपुर नगरपालिकालाई आरोग्य पर्यटनको स्थलको रुपमा बिकास गर्ने रणनीति निर्माण गरिनेछ।

३८. १ देखि ५ बर्षका बालबालिका हरुलाई विभिन्न रोगबाट बच्नका लागि (immunity power ) वृद्धि गर्न बहु क्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत संचालित बाल पोषणको लागि स्वर्ण बिन्दु प्रशासन कार्यक्रमलाई अझ प्रवाभकारी बनाउन नियमित संचालन गरिनेछ।

**ग) महिला, दलित, बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक तर्फः**

१. लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नको लागि शिक्षा, स्वास्थ्य, रोजगारी, गरिवी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षा र पूर्वाधारमा पहुँच लगायतका विषयमा महिला लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. महिलाको सशक्तिकरण कार्यक्रम सहित सामाजिक सुरक्षालाई सुदृढ बनाउन महिला समूहहरु सँग अर्थतन्त्र सिद्धान्तहरुमा आधारित निष्पक्ष र दिगो आय आर्जन गर्ने अवसरहरु र स्रोतहरु उपलब्ध गराउन महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण र क्षमता विकास गर्न गै.स.स. समेतको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. लैङ्गिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनर्स्थापनाको नीति अवलम्बन गरी बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने जनचेतनामूलक कार्यक्रमहरुलाई विस्तार गरिनेछ।

४. महिलाहरुको सशक्तिकरण, नेतृत्व विकास, उद्यमशिलता र सिपविकास गरी महिलाहरुलाई विकास तथा योजना निर्माण योजना कार्यान्वयन र अनुगमनमा सहभागिता सुनिश्चित गर्दै नगरपालिका अन्तर्गत सञ्चालन हुने योजनाहरुमा कम्तिमा

२० प्रतिशत सहभागिता सुनिश्चित गराइने छ, यसको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति अनुगमन तथा निर्देशन समितिलाई थप सक्रिय बनाइनेछ।

५. लैङ्गिक उत्तरदायी बजेट GRB निर्माण तथा परीक्षणको व्यवस्था मिलाउनका साथै बजेटलाई लैङ्गिक उत्तरदायी संकेत GRB Coding SuTRA मा प्रविष्ट गरिनेछ।

६. बालमैत्री स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, बालश्रम अन्त्य, बालविवाह मुक्त स्थानीय तह बनाउनको लागि विभिन्न अभियानहरु सञ्चालन गरिनेछ।

७. स्रोत साधन सहितको बालबालिका शाखा, वडा र यस क्षेत्रभित्रका बिद्यालयहरु (सामुदायिक र संस्थागत) मा बाल क्लब पुनःगठन, वडा तथा नगर स्तरीय बाल संजाल पुनःगठन तथा दर्ता गरी बाल अधिकार प्रणालीको सवलीकरण गरी क्षमता विकास गरिनेछ।

८. टोल, वडास्तर देखि नै प्रभावकारी तथा अर्थपूर्ण बाल सहभागिता सहित बाल भेलाको आयोजना गरी बालबालिकाले प्रदान गरेका सुझाब अनुसार योजनाहरु निर्माण गरिनेछ।

९. आर्थिक र सामाजिक रुपमा पछि परेका महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैंगिक अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।

१०. अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणसँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गरिनेछ, उनीहरुलाई स्वरोजगार तथा रोजगारमुखी कार्यक्रम मार्फत आत्मनिर्भर बनाई आवश्यक सहायक सामग्री तथा कृत्रिम अंगहरु समेत निःशुल्क उपलब्ध गराइने छ।

११. नेपाल सरकारको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०७४ बमोजिम नेपाललाई सन् २०३० सम्म बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य अनुरुप यस नगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयका लागि आवश्क कार्यक्रम तथा योजना ल्याइनेछ।

१२. स्थानीय तहमा अपाङ्गताको पहिचान गरी परिचयपत्र वितरण कार्यलाई थप प्रभावकारी बनाउने छ।

**<u>घ)बालश्रममुक्त हंशपुर नगरपालिका:</u>**

१. "बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) र बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को मर्म बमोजिम हंशपुर नगरपालिकालाई पूर्ण रूपमा बालश्रममुक्त नगर घोषणा गरिनेछ। बालबालिकाको बाल बचाउ, बाल संरक्षण र बाल सहभागिता सुनिश्चित गर्दै कुनै पनि प्रकारको श्रमबाट बालबालिकालाई मुक्त राख्नु नगरपालिकाको उच्च प्राथमिकता हुनेछ।"

२. नगरपालिका, वडा र टोल स्तरमा ‘बालश्रम अनुगमन तथा समन्वय समिति’ गठन गरी नियमित अनुगमनलाई तीव्रता दिइनेछ।

३. बालश्रमको अवस्था पहिचान गर्न नगरपालिका स्तरीय ‘बालश्रमको तथ्याङ्क अद्यावधिक प्रोफाइल’ तयार गरिनेछ।

४. बालश्रममुक्त स्थानीय तह घोषणाका लागि तोकिएका सूचकहरू (जस्तै: विद्यालय भर्ना दर १००%, बालश्रममुक्त कार्यस्थल, बालमैत्री वातावरण आदि) पूरा गर्न ‘हंशपुर बालश्रममुक्त अभियान’ सञ्चालन गरिनेछ।

५. होटल, इँटा भट्टा, घरेलु तथा साना उद्योग, कृषि फर्म र वर्कसपहरूमा आकस्मिक अनुगमन गरी बालश्रमको अवस्था शून्यमा झारिनेछ।

६. बालश्रमबाट मुक्त गरिएका बालबालिकाका लागि ‘शिक्षामा पहुँच कार्यक्रम’ मार्फत शैक्षिक सामग्री र छात्रवृत्तिको व्यवस्था गरिनेछ।
७. अति विपन्न परिवारका अभिभावकहरूलाई लक्षित गरी ‘आयआर्जन तथा सीप विकास तालिम’ सञ्चालन गरिनेछ, ताकि आर्थिक अभावले बालबालिका श्रममा जान नपरोस्।
८. "बालश्रम कानुनतः अपराध हो" भन्ने सन्देशसहित समुदायमा सचेतनामूलक कार्यक्रमहरू (सडक नाटक, माइकिङ, अन्तरक्रिया) सञ्चालन गरिनेछ।
९. बालबालिकाको हक-हित संरक्षणका लागि ‘बाल हेल्पलाइन’ वा सूचना केन्द्रलाई थप प्रभावकारी बनाइनेछ।

**ङ) कला, संस्कृति र पर्यटनः**

१. यस नगरपालिका अन्तर्गत रहेका विभिन्न धार्मिक, पर्यटकीय, साँस्कृतिक तथा आध्यात्मिक क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्ने कार्य गरिनेछ ।
२. पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्रको अवलोकन गरी आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।
३. हंसपुर नगरपालिकाको पहिचान, भाषा, भेषभुषा, रहनसहन तथा संस्कृती झल्किने गरी विभिन्न ठाउँहरुमा होर्डिङ्ग बोर्ड तथा भित्तेचित्र निर्माण गरी हंसपुरको पर्यटन प्रवर्द्धनमा टेवा पुर्याईने छ ।
४. प्रकृतिक धार्मिक तथा सांस्कृतिक पर्यटन स्थलसम्म जाने सडक सञ्जालको विकास गरिनेछ ।
५. नगरभित्रका मठमन्दिर, बौद्ध विहार, गुम्बा, चर्च, देउथान/भुईयाँ तथा सबै जातजाती धर्मका धार्मिक क्षेत्रहरुलाई पर्यटन आकर्षणका केन्द्रको रुपमा विकास गरिनेछ ।
६. पर्यटन क्षेत्रको विकासमा संलग्न रहेका व्यक्ति, नीजि क्षेत्र तथा संघसंस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

**च) खानेपानी तथा सरसफाईः**

१. प्रत्येक नगरवासीलाई शुद्ध खानेपानीमा पहुँच दिलाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै दलित, गरिव तथा विपन्न परिवारलाई विषेश प्राथमिकता दिइनेछ ।
२. नगरपालिका भित्रका होटल तथा नास्ता पसलहरुमा गुणस्तरीय तथा शुद्ध खानेपानीको सुनिश्चितताको लागि अनुगमनलाई प्रभावकारी बनाईनेछ ।
३. नगर तथा वडा स्तरमा स्वच्छ तथा शुद्ध खानेपानी तथा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । Wash Plan तयार गरी खानेपानी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
४. कालो पलास्टिक प्रयोगमा पूर्ण बन्देज लगाईनेछ ।

## ३. पूर्वाधार विकास तर्फः

**क) सडक, पुल तथा भवन**

१. पालिका सदरमुकाम देखी वडा केन्द्रसम्म सहजरुपमा चल्न सक्ने सडकहरु निर्माण तथा मर्मत सम्भार कार्य लाई निरन्तरता दिईने छ ।

२. उपभोक्ता समितिहरुसँग आयोजना सम्झौता गर्न र भुक्तानी प्रक्रियालाई सहज बनाउन वडास्तरमा अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।
३. हंसपुर रिङ्गरोड निर्माणका लागि संघ र प्रदेश सरकारसँग पहल गरिनेछ ।
४. नगरपालिका विभिन्न खोला तथा नदीहरुका आवश्यक ठाँउमा तटबन्ध तथा पक्की पुलको निर्माण गरिनेछ ।
५. भौतिक पूर्वाधार निर्माणका लागि भौतिक साधनको मर्मत सम्भार तथा वातावरणमैत्री सडक निर्माण गरिनेछ ।
६. नगरपालिकामा निर्माण हुने सडक, खानेपानी, अस्पताल भवन, सिचाई योजना, विद्यालय भवन जस्ता पूर्वाधार निर्माण गर्दा नगर स्तरिय, प्रदेश स्तरिय र संघ स्तरिय योजनाको रुपमा संयुक्त लगानीमा निर्माण गरिनेछ ।

**ख) भवन तथा शहरी विकासः**

१. भवन मापदण्ड कार्यान्वयन गरी स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।
२. सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ।
३. हंसपुर बजारमा अव्यवस्थित रुपमा रहेका खोका छाप्रालाई व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।
४. हाइमस्ट लाइट जडानलाई निरन्तरता दिदै अन्य ठाँउमा सडक बत्तीको व्यवस्था गरिनेछ ।
५. एकीकृत बजार विस्तार तथा व्यवस्थापन योजना तयार गरिने छ ।

**ग) योजना, अनुगमन तथा मुल्यांकनः**

१. योजना तथा कार्यक्रमको अनुगमन, मुल्यांकन कार्यलाई थप प्रभावकारी एवं पारदर्शी बनाईनेछ ।
२. योजनाहरुको गुणस्तरीयता कायम गर्न ल्याब टेस्ट गरिने कार्यको निरन्तरता दिइनेछ ।
३. समयसारिणी सहितको कार्ययोजना तयार गरी वार्षिक कार्यक्रम तथा आयोजना कार्यान्वयलाई तीव्र पारिनेछ । असार महिनामा मात्र खर्च हुने परिपाटीलाई क्रमशः अन्त्य गर्दै लगिनेछ ।
४. आयोजना छनौट र कार्यान्वयनमा जनसहभागिता प्रवर्द्धन गर्ने कार्यलाई सशक्त बनाइनेछ ।
५. टुक्रे र वितरणमूखी आयोजना छनौट कार्यलाई निरुत्साहित गर्दै पालिकास्तरीय गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने कार्यको शुरुवात गरिनेछ ।
६. संघ र प्रदेश सरकारका आयोजनासँग दोहोरोपना नहुने गरी आयोजना छनौट र सञ्चालन गरिनेछ ।

**४. वन वातावरण तथा विपद् व्यवस्थापनः**

१. नगरपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनका लागि योजना बनाइने छ ।
२. विद्यालयहरूलाई विपद र जलवायु व्यवस्थापनको शिक्षण केन्द्र बनाइनेछ ।
३. नगरपालिकाले पोखरी, गहिरो इनार संरक्षण गर्दै हरियाली हंसपुर नगरपालिकाको विकास गरिनेछ ।
४. बालबालिका केन्द्रित जलवायु तथा विपद् उत्थानशील गतिविधि सञ्चालन गरिनेछ ।
५. Making city resilient MCR 2030 सम्बन्धी अन्य पालिकासँग अन्तर्क्रिया कार्यक्रम गरिनेछ ।
६. हाम्रो हंसपुर सफा, स्वच्छ र हरियो हंसपुर को नारालाई कार्ययोजना बनाई लागु गरिनेछ ।
७. निजी क्षेत्र सहित सबै क्षेत्रहरूले जोखिम-सूचित विपद् तथा जलवायु जोखिम व्यवस्थापन योजनालाई आफ्नो क्षेत्रगत योजनामा समावेश गरिनेछ ।
८. विपद् व्यवस्थापनमा समुदायको क्षमता बढाउने कार्यलाई प्राथमिकता दिईनेछ ।

९. फोहरमैला र विपद्को क्षेत्रमा उत्कृष्ट काम गरेका पालिकामा गई सिकाइ आदान प्रदान कार्यक्रम गरिनेछ ।
१०. विपद् गोदाम घर र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रमा आवश्यक पर्ने जनशक्ति र सामाग्रीको व्यवस्थापन गरिनेछ ।
११. बाढी आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराईनेछ ।
१२. प्रदुषण नियन्त्रण फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्दन गर्दै स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिक अधिकारको सुनिश्चितता गर्न नगरपालिकाने प्राथमिकताका साथ कार्य गर्नेछ ।
१३. नगरपालिकामा रहेको नगरस्तरीय विपद् व्यवस्थापन कोषमा थप रकम व्यवस्थापन गरिनेछ नगर स्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइनेछ । जनस्तरमा पुर्व तयारी तथा प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ ।
१४. विपद् व्यवस्थापन बारे जनचेतना फैलाउन सचेतना अभियान सञ्चालन गरिनेछ ।
१५. विपद् व्यवस्थापन पूर्व तयारी बारे जानकारी संयन्त्र निर्माण गरिनेछ ।
१६. विपद्को क्षेत्रमा काम गर्ने संघ संस्थासँग सहकार्य गरी पुर्व तयारी लगायतका क्षेत्रमा काम गरिनेछ ।
१७. जीर्ण अवस्थामा रहेका सार्वजनिक शौचालय मर्मत सम्भार गरी पुनः सञ्चालन गर्ने तथा आवश्यक स्थानमा नयाँ सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
१८. हंसपुर बजार लगायतका अन्य बजार क्षेत्रमा व्यवस्थित रुपमा ढल तथा नाली निकास निर्माण गरिनेछ साथै फोहोरमैलाको वर्गिकरण सहितको व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गरी लागु गरिनेछ ।
१९. फोहोरमैलाको दिगो व्यवस्थापनमा जोड दिइनेछ ।
२०. आवधिक योजना निर्माणमा साझेदारी नीति ल्याइनेछ ।
२१. बालमैत्री तथा वातावरणमैत्री स्थानीय तह घोषणा सम्बन्धी कार्यक्रम गरिनेछ ।

**५. संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

१. सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरिय तथा प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको क्षमता विकास/तालिमको व्यवस्था गरिने छ ।
२. नगरपालिका भित्र सेवाग्राहिहरुलाई सहजताका लागि पालिकामा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरी सबै वडा तथा स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्र र नागरिक सहायता कक्ष (हेल्पडेस्क) लाई थप प्रभावकारी बनाईनेछ ।
३. स्थानीय तहको सेवा प्रवाहलाई थप प्रभावकारी र सुशासन व्यवस्थापनका लागि नागरिक गुनासो व्यवस्थापनलाई चुस्त दुरुस्त बनाइनेछ ।
४. यस नगरपालिकाको करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ ।
५. यस नगरपालिका अन्तर्गत रहेको कर्मचारीहरुको कार्य सम्पादन तथा कार्य प्रगतिका आधारमा पुरुस्कृत तथा दण्डित गरिने कार्यमा जोड दिईनेछ ।
६. सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिनेछ ।
७. स्थानीय तहका हरेक योजना निर्माण कार्यक्रम कार्यान्वयन र अनुगमनमा नागरिकको सहभागितालाई अर्थपुर्ण बनाउन नागरिक सहभागिता नीति बनाई त्यसको प्राभावकारी कार्यान्वयन गरिनेछ ।

८. लक्षित वर्गको कार्यक्रमका लागि सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरिनेछ ।
९. कर्मचारी कल्याण कोषलाई निरन्तरता दिईनेछ ।
१०. राज्यको मुलधारमा नरहेका पछाडि परेका/पारिएका गरिब दलित, विपन्न तथा लक्षित वर्ग केन्द्रित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
११. भ्रष्टाचार निर्मुल गर्न शुन्य सहनशिलता अपनाईनेछ ।
१२. नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा एकीकृत घुम्ती शिविर सञ्चालन गरी आवश्यक सेवा प्रवाह गरिनेछ ।
१३. नगरपालिकाले सम्पादन गरेका कार्यक्रमहरुको प्रत्येक चौमासिक अवधिमा सार्वजानिक सुनुवाई अनिवार्य रुपमा गरिने व्यवस्था मिलाईनेछ ।
१४. हंसपुर नगरपालिकाको नगर तथा वडाको डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।
१५. उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, उपभोक्ता समिति, फोहोरमैला व्यवस्थापन समिति, संञ्चकारकर्मीलाई पुरस्कृत गर्ने पद्धतीको थालनी गरिनेछ ।
१६. पालिकाले दिने सेवा प्रवाहलाई पुर्ण तवरले डिजिटललाइज गरिदै लगिनेछ ।
१७. दिगो विकासको निम्ति जनताको सहभागिता बढाइ स्मार्ट नागरिक बनाउन जनचेतनामुलक कार्यक्रम टोलटोलमा लागु गरिनेछ ।
१८. टोल विकास संस्थाहरुको गठन गरी सक्रियरुपमा चलायमान गराईनेछ ।

**६. सूचना तथा संचार प्रविधि :**

१. डिजिटल नोटिस बोर्ड, डिजिटल नागरिक वडा पत्रको प्रयोग गरी नगरपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ ।
२. स्थानीय सञ्चार माध्यमहरुलाई प्रवर्द्धन गर्न आवश्यक कानुनको व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ
३. हंसपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र नागरिक लक्षित कम्प्युटर तथा इन्टरनेट प्रयोग सम्बन्धी तालिम गराइनेछ ।
४. कार्यालयहरूमा उच्च गुणस्तरीय इन्टरनेट जडान गरिनेछ ।
५. फाइबर नेटवर्क विस्तार तथा सार्वजनिक Wi-Fi हब स्थापन गरिनेछ ।
६. नगरपालिकाको सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै पारदर्शिता, जवाफदेहिता र सेवा प्रभावकारिता सुनिश्चित गर्ने ।
७. सूचना प्रणालीलाई व्यवस्थित तथा छिटो छरितो जनतासम्म सूचनाको पहुँच पुर्याउनको लागि Social Media को प्रयोगलाई बढावा दिईनेछ साथै वेव साइटको नियमित अपडेट गरिनेछ ।
८. एकिकृत सफ्टवेयर प्रणालीको प्रयोगलाई बढावा गर्दै सम्पूर्ण शाखाको कार्यलाई अन्तर आवद्ध गरी समय समयममा नविनतम् प्रविधिको प्रयोग गरी परिमार्जन गर्दै लगिनेछ ।
९. युवाहरुलाई रेडियो उद्घोषण तथा पत्रकारिता सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**७. राजस्व तथा आन्तरिक आयः**

१. राजस्व सुधार योजनालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
२. आन्तरिक राजश्व वृद्धि गर्न राजश्वका संभाव्य क्षेत्रहरुको खोजी गरिनेछ ।

३. करको दर भन्दा दायरालाई फराकिलो बनाईनेछ ।
४. अनुगमनलाई सघन बनाई राजश्व चुहावट नियन्त्रण गरिनेछ ।
५. राजस्व संकलन कार्यलाई व्यवस्थित, पारिदर्शी गर्न सुत्र प्रणालीबाट राजस्व संकलन गर्ने कार्यलाई कड़ाईका साथ कार्यान्वियन गरिनेछ ।
६. घरजग्गा करलाई थप व्यवस्थित बनाउदै एकिकृत सम्पत्ति कर लागू गर्न आवश्यक पहल गरिनेछ ।
७. समयमै र सबैभन्दा धेरै कर दाखिला गर्ने करदाताको पहिचान गरी उत्कृष्ट करदाता घोषणा गरी सम्मान गरिनेछ ।
८. सबै भन्दा बढी कर संकलन गरी समय भित्रै नगरपालिकामा दाखिला गर्ने वडा कार्यालयलाई सम्मान गरिनेछ ।
९. हंसपुर नगरपालिका भित्रका सम्पूर्ण उद्योगी तथा व्यवसायीलाई करको दायरामा ल्याउन अनिवार्य रुपमा नगरपालिकामा दर्ता तथा नविकरण गर्ने व्यवस्था गरिनेछ ।
१०. कर संकलनलाई प्रवाभकारी बनाउन करदाता शिक्षा कार्यक्रम लागु गरिनेछ ।
११. समयमैं घर बहाल कर नतिरेमा उक्त घरमा सञ्चालनमा रहेका व्यवसायहरुको दर्ता नविकरण नगर्ने नीति अवलम्वन गरनेछ ।

**८. पञ्जिकरण तथा सामाजिक सुरक्षा सेवा केन्द्र :**

१. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी प्रत्येक वडाका जनप्रतिनिधीहरु, सचिवहरु, अन्य कर्मचारीहरु, महिला स्वयम् सेविका र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुका लागि वडा स्तरिय जनचेतना मुलक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
२. सामाजिक सुरक्षा भत्ता समयमा नै वितरण तथा नविकरण कार्य भइरहेको छ कि छैन भनि अनुगमन तथा प्रत्येक त्रैमासिककमा वडा जनप्रतिनिधि, वडा सचिब र बैंकहरुसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
३. नगर स्तरिय तथा वडा स्तरिय व्यक्तिगत घटना दत्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी गुनासो सुनवाई समिति गठन कार्यक्रम अगाडी बढाइनेछ ।
४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी बैशाख १ गते ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम मनाइनेछ ।

**९. न्यायिक समिति :**

१. "न्याय सम्पादनमा ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने न्यायको सिद्धान्तलाई अंगिकार गर्दै न्यायिक समितिबाट सम्पादन हुने विवाद तथा मुद्दालाई छिटो छरितो र पारदर्शी रुपमा सम्पादन गरिनेछ । मेलमिलाप मार्फत विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाइनेछ ।
२. सबै वडा कार्यालयहरुमा वडा स्तरिय मेलमिलाप केन्द्र स्थापित गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तर मै निरुपण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै "विवादको साटो, मेलमिलापको बाटो" भन्ने नारालाई थप प्रभावकारी रूपमा कार्यान्वयनमा लगिने छ ।
३. "विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा" भन्ने नाराका साथ स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, आपसी समझदारी, वार्ता आदि तवरले मेलमिलापको विधिबाट न्यायका मान्य सिद्धान्तको अधिनमा रहेर समाधान गरी नगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, सक्षम, पहुँचयोग्य एवम विश्वासनीय बनाइनेछ ।
४. न्यायिक समितिको कार्य सम्पादन थप व्यवस्थित, प्रभावकारी बनाउन इजलाश कक्षको व्यवस्थापन संगै कानुनी सल्लाहकार (कानुन अधिकृत) को व्यवस्था गरिने छ ।

५. न्याय प्रशासनलाई सुदृढ, उत्तरदायी, जवाफदेही र प्रभावकारी बनाउन न्यायिक समितिको अभिलेख र प्रतिवेदन व्यवस्थित गरी त्रैमासिक रुपमा प्रतिवेदन सार्वजनिक गरिने छ।
६. स्थानीय तहबाट सम्पादन हुने न्यायिक कार्यसम्पादनको असल अभ्यास तथा अनुभव आदान-प्रदान गर्न आवश्यकता अनुसार अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।
७. हिंसा न्यूनीकरण र महिला सशक्तिकरणका लागि महिला जनप्रतिनिधिको जिम्मेवारी र भुमिका बारेमा जनचेतनामुलक कार्यक्रम गरिनेछ।
८. म्याद तामेलदारहरुको परिचालन तथा आवश्यक तालिमको व्यवस्था गरिनेछ।
९. कुलतमा युवाको व्यापक संलग्नतालाई मध्यनजर गरी यसको न्यूनीकरणका लागि विशेष जनचेतनामुलक कार्यक्रम गरिनेछ।
१०. विवादका पक्षहरुको विवाद निरीक्षण तथा मेलमिलाप भइसकेपछि कार्यान्वयन भयो, भएन, भनी न्यायिक समितिबाट नियमित निरीक्षण गरिनेछ।

**१०. भुमी व्यवस्थापनः-**

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्न नगरभित्र रहेको सार्वजनिक ऐलानी, पर्ती जग्गाको अभिलेख आवश्यक पहल गरिनेछ।
२. जोखिमयुक्त वा कानुनले निषेध गरेका स्थानहरुमा बस्दै आइरहेका जग्गा विहिन वास्तविक भूमिहीन दलित र भूमिहीन सुकुम्वासीहरुलाई स्थानान्तरण वा व्यवस्थापन गर्न आवश्यक पहल तथा जग्गा पहिचान गर्ने कार्य गरिनेछ।
३. नक्सामा बाटो कायम भएको तर चलनचल्तीमा नरहेका सडकहरुलाई नक्साको आधारमा ट्रेक खोली कार्यान्वयनमा ल्याइनेछ।
४. अतिक्रमित सार्वजनिक जग्गाहरु खाली गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

**नगर सभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८३/०८४ हंसपुर नगरपालिकाको बजेटको (आय र व्यय) प्रस्तुत गर्न चाहन्छु।

आय

| | |
|---|---|
| संघीय वित्तिय समानिकरण अनुदान | ११ करोड ५० लाख |
| संघीय सशर्त अनुदान | २५ करोड ५४ लाख |
| संघीय समपुरक अनुदान | १ करोड ५८ लाख |
| संघीय राजश्व बाँडफाँड | १० करोड ७७ लाख ७६ हजार |
| प्रदेश वित्तिय समानिकरण | ७९ लाख ११ हजार |
| प्रदेश शसर्त अनुदान | ९५ लाख |
| राजश्व बाँडफाँड (प्रदेश) | ५१ लाख ५२ हजार |
| विशेष अनुदान (प्रदेश) | ३० लाख |
| सम्पुरक अनुदान (प्रदेश) | ३० लाख |
| आन्तरिक स्रोत | ३ करोड |
| राजश्व बाँडफाँड(स्थानीय) | ५० लाख |
| **जम्मा** | **५५,७५,३९,०००।–(आन्तरिक स्रोतको अल्या वाहेक)** |

अनुमानित व्यय

| | |
|---|---|
| वडाहरुको बजेट सीलिङ्ग खर्च | ९ करोड़ ९० लाख |
| विभिन्न शाखागत बजेट खर्च (अनुमानित) | ७ करोड़ |
| अन्य खर्च | ३८ करोड़ ८५ लाख ३९ हजार |
| जम्मा | ५५ करोड़ ७५ लाख ३९ हजार |

स्थानीय सरकारको उल्लेखित नीति तथा कार्यक्रमको परिधी भित्र रही आर्थिक वर्ष २०८३।०८४ मा सिमित श्रोत र साधनका बाबजुद स्थानीय सरकारले अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा गरिमामय सभामा जानकारी गराउँछु। साथै सङ्घीय सरकार र प्रदेश सरकारले अघि सारेका नीति, कार्यक्रम तथा सञ्चालन गर्ने हरेक कृयाकलापमा स्थानीय सरकारले आवश्यक समन्वय गरी अघि बढ्नेछ।

अन्त्यमा, नीति तथा कार्यक्रम तय गर्ने सिलसिलामा अमुल्य सहयोग प्रदान गर्नुहुने यस हंसपुर नगरपालिकाका सम्पूर्ण निर्वाचित जनप्रतिनिधि, विभिन्न समितिहरुका सदस्य ज्युहरु, विषयगत समितिका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु एंव सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद !!**
**दुर्गी देवी मण्डल**
**कार्यवाहक नगर प्रमुख**
**हंसपुर नगरपालिका**